लघु कर्जा अतिरिक्त सुरक्षण योजना-२०८२

निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाडौँ

निक्षेप तथा कर्जा सुरक्षण कोष
लघु कर्जा अतिरिक्त सुरक्षण योजना, २०८२

स्वीकृत मितिः-२०८२/०४/०७

प्रस्तावनाः लघुवित्त तथा विपन्न वर्ग कर्जा, साना तथा मझौला उद्यम कर्जा र कृषि कर्जा सुरक्षण योजना अन्तर्गत सदस्य संस्थालाई उपलब्ध दाबी भुक्तानी सुविधामा ऋणी तथा व्यवसायमा संलग्न मुख्य व्यक्तिको मृत्यु वा स्थायी अशक्तता एवं परियोजना नष्ट भई कर्जा असूल हुन नसक्दा अतिरिक्त दाबी भुक्तानी रकम उपलब्ध हुने व्यवस्था गरी सदस्य संस्थालाई लघु कर्जा प्रवाह गर्न प्रोत्साहित गर्ने उद्देश्यले,

कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ३५ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी निक्षेप तथा कर्जा सुरक्षण कोषले देहायको लघुकर्जा अतिरिक्त सुरक्षण योजना, २०८२ बनाई लागू गरेको छ।

१. **योजनाको संक्षिप्त नाम र प्रारम्भः** (१) यस योजनाको नाम "लघुकर्जा अतिरिक्त सुरक्षण योजना, २०८२" रहेको छ।

(२) यो योजना कोषको सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस योजनामा,–

(क) "कर्जा" भन्नाले यस योजना अन्तर्गत सदस्य संस्थाले प्रवाह गरेको कर्जाको बाँकी साँवा तथा सोको व्याज समेतलाई जनाउँछ।

(ख) "कोष" भन्नाले निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोष सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले कर्जा सुरक्षण नियमावली, २०७५ सम्झनु पर्छ।

(घ) "परियोजना" भन्नाले सदस्य संस्थाले कर्जा लगानी गरेको कृषि, लघु, साना, मझौला तथा घरेलु उद्यम वा व्यवसाय सम्झनु पर्छ। सो शब्दले पशुपन्छी तथा मत्स्यपालन समेतलाई जनाउँछ ।

(ङ) "प्राकृतिक प्रकोप" भन्नाले बाढी, पहिरो, भुकम्प, आगजनी, खडेरी, आँधीबेहरी, चट्याङ, ज्वालामुखी, डढेलो जस्ता मानवीय नियन्त्रण भन्दा बाहिरका घटना सम्झनु पर्छ । सो शब्दले प्राकृतिक वा रोगजन्य कारणले सदस्य संस्थाको कर्जाबाट खरिद भएको पशुधनको मृत्यु समेतलाई जनाउँछ।

(च) "प्रोपराइटर वा मुख्य संचालक" भन्नाले सदस्य संस्थाले योजनाको दफा ७ को उपदफा (१) बमोजिमको ग्राहक पहिचान विवरणमा उल्लिखित ऋणी फर्म वा कम्पनीको प्रोपराइटर वा मुख्य संचालक सम्झनु पर्छ ।

(छ) “ऋणी” भन्नाले कोषको. सदस्य संस्थाबाट कर्जा लिने व्यक्ति फर्म वा कम्पनी सम्झनु पर्छ।

(ज) “सदस्य संस्था” भन्नाले कोषसँग सम्झौता गर्ने इजाजत प्राप्त बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

(झ) “समिति” भन्नाले कोषको सञ्चालक समिति सम्झनु पर्छ।

(ञ) “अतिरिक्त सुरक्षण शुल्क” भन्नाले नियमावली वा कोषको अन्य सुरक्षण योजनामा उल्लिखित सुरक्षण शुल्कमा थप गरिएको सुरक्षण शुल्क सम्झनु पर्छ।

३. **<u>सम्झौता गर्नुपर्ने:</u>** यस योजना बमोजिम कर्जा सुरक्षण गर्न चाहने सदस्य संस्थाले कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ३४ को अधीनमा रही अनुसूची-१ को ढाँचामा कोषसँग सम्झौता गर्नुपर्नेछ।

४. **<u>सुरक्षण हुने कर्जाको क्षेत्र र रकमको सीमा:</u>** (१) सदस्य संस्थाले देहायको क्षेत्रमा प्रवाहित दश लाख रुपैयाँ सम्मको कर्जाको यस योजना बमोजिम अतिरिक्त सुरक्षण गर्न सक्नेछ।

(क) लघुवित्त तथा विपन्न वर्ग,

(ख) साना तथा मझौला उद्यम,

(ग) कृषि,

(घ) कोषले सञ्चालन गरेको अन्य योजनामा उल्लिखित क्षेत्र वा व्यवसाय ।

(२) उपदफा (१) मा उल्लिखित क्षेत्र वा व्यवसाय भन्दा अन्य क्षेत्र वा व्यवसायमा प्रवाहित कर्जाको यस योजना बमोजिम सुरक्षण हुने छैन ।

५. **<u>सुरक्षण शुल्क:</u>** (१) यस योजना बमोजिम कर्जाको अतिरिक्त सुरक्षण वापत सदस्य संस्थाले दफा ४ मा उल्लिखित क्षेत्रसँग सम्बन्धित कोषका सुरक्षण कार्यक्रम अन्तर्गत बुझाउने वार्षिक सुरक्षण शुल्क (अनुदान बाहेक) मा थप ०.१५ प्रतिशत कोषमा बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक सुरक्षण शुल्क बुझाउदा प्रति त्रयमास एक चौथाइका दरले त्रयमासिक रुपमा त्रयमास समाप्त भएको दश दिनभित्र कोषमा बुझाउनु पर्नेछ ।

(३) सुरक्षण शुल्कको गणना गर्दा त्रयमासको अन्त्यमा भुक्तानी हुन बाँकी कर्जाको साँवा र ब्याजको कुल रकममा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको सुरक्षण शुल्क कर्जाको क्षतिपूर्ती भुक्तानी दाबी मिति वा अन्तिम भुक्तानी मिति जुन पहिले हुन्छ सो मिति पश्चात बुझाउनु पर्ने छैन।

(५) उपदफा (१) बमोजिमको सुरक्षण शुल्क नियमित नबुझाएमा कर्जाको सुरक्षण हुने छैन।

(६) उपदफा (१) बमोजिमको सुरक्षण शुल्क बुझाउन छुट भएमा सदस्य संस्थाले त्यसरी छुट भएको मितिबाट छ महिना भित्र छुट सुरक्षण शुल्क बुझाउन सक्नेछन्।

६. **योजना लागु हुने:** (१) दफा ३ बमोजिमको सम्झौता पश्चात सदस्य संस्थाबाट दफा ४ मा उल्लिखित क्षेत्र वा व्यवसायमा प्रवाहित सम्पूर्ण कर्जा (पोर्टफोलियो) मा योजना लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सदस्य संस्थाले दफा ३ बमोजिम कोषसँग सम्झौता गर्नुअघि कोषको सुरक्षणमा रहेको असल वर्गमा बर्गिकृत र अन्तिम भुक्तानी म्याद कम्तीमा छ महिना बाँकी रहेको सम्पूर्ण कर्जा (पोर्टफोलियो) मा समेत यो योजना लागु हुनेछ।

७. **ग्राहक पहिचान विवरण राख्नु पर्ने:** (१) यस योजना बमोजिम अतिरिक्त सुरक्षण प्रयोजनका लागि सदस्य संस्थाले कर्जा प्रवाह गर्नु अगावै अनुसूची-४ बमोजिमको ग्राहक पहिचान विवरण तयार गरी सम्बन्धित कर्जा फाइल साथै राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरणमा कुनै परिवर्तन भएमा सदस्य संस्थाले अद्यावधिक गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको विवरणमा उल्लेख भएको ऋणी, प्रोपराइटर, मुख्य संचालक तथा त्यस्ता व्यक्तिको एकासगोलको पति वा पत्नीको मृत्यु भएको अवस्थामा मात्र सदस्य संस्थाले दफा ८ बमोजिम क्षतिपूर्ति दाबी गर्न सक्नेछ।

८. **क्षतिपूर्ति दाबी भुक्तानी:** (१) देहाय बमोजिमको कुनै घटना घटी यस योजना बमोजिम सुरक्षणमा रहेको कर्जाको साँवा ब्याज असुल हुन नसकेमा सदस्य संस्थाले कर्जाको बाँकी साँवा ब्याज यस योजनाको अनुसूची-२ बमोजिमको ढाँचामा अनुसूची-३ बमोजिमको विवरण समेत संलग्न गरी कोष समक्ष क्षतिपूर्ति दाबी गर्न सक्नेछन्:

(क) ऋणी प्राकृतिक व्यक्ति भएकोमा निज वा निजको एकासगोलको पति वा पत्नीको मृत्यु वा पूर्ण स्थायी अशक्त भएको ।

(ख) ऋणी फर्म वा कम्पनी भएमा त्यस्तो फर्म वा कम्पनीको प्रोपराइटर वा मुख्य संचालक वा निजको एकासगोलको पति वा पत्नीको मृत्यु वा पूर्ण स्थायी अशक्त भएको ।

(ग) प्राकृतिक प्रकोपमा परी परियोजना नष्ट भएको।

द्रष्टब्य: परियोजना नष्ट भन्नाले सदस्य संस्थाको कर्जा लगानीबाट ऋणीले संचालन गरिरहेको परियोजनाको कुनै अंश मात्र नभई सम्पूर्ण परियोजनामा क्षति भएको अवस्थालाई बुझाउँनेछ। उदाहरणको लागि एउटा भैंसीपालन व्यवसायलाई परियोजना मानी कर्जा लगानी भएको अवस्थामा उक्त भैंसीको मृत्यु भएको अवस्थामा परियोजना नष्ट भएको मानिनेछ । तर एक भन्दा बढी भैंसीपालन व्यवसायलाई एउटा परियोजना मानी कर्जा लगानी भएको अवस्थामा सबै भैंसीको मृत्यु भएको अवस्थामा मात्र परियोजना नष्ट भएको मानिने छ।

(२) उपदफा (१) बमोजिमको दाबीमा कोषले शतप्रतिशत रकम एकमुष्ट भुक्तानी गर्नेछ ।

(३) सदस्य संस्थाले उपदफा (१) बमोजिम दाबी पेश गर्दा सुरक्षित कर्जाको क्षतिपूर्ति दाबी भुक्तानी विनियमावली, २०८१ बमोजिमका कागजातका अतिरिक्त उपदफा (१) मा उल्लिखित घटना घटेको पुष्टि हुने देहाय बमोजिमको कागजात कोषमा पेश गर्नु पर्नेछ ।

(क) मृत्यु भई दाबी गरिएको भए,

(अ) मृत्युदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(आ) मृतकको ऋणीसँगको नाता प्रमाणीत प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी (मृत्युदर्ता प्रमाणपत्रमा नाता नखुलेमा)

(इ) अनुसूची-४ बमोजिमको ग्राहक पहिचान विवरण

(ख) स्थायी अशक्तता भई दाबी गरिएको भए,

(अ) सम्बन्धित निकायले जारी गरेको स्थायी अशक्तताको प्रमाणपत्र

(आ) अशक्त व्यक्तिको ऋणीसँगको नाता प्रमाणित प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (अशक्तता प्रमाणपत्रमा नाता नखुलेमा)

(इ) अनुसूची-४ बमोजिमको ग्राहक पहिचान विवरण

(ग) पशुधन बाहेक अन्य परियोजना नष्ट भएकोमा स्थानीय प्रशासनले क्षतिको विवरण उल्लेख गरी जारी गरेको पत्र ।

(घ) पशुधनको हकमा स्थानीय निकायको पशु प्राविधिक वा कोषबाट मान्यता प्राप्त पशु प्राविधिकले मृत्युको कारण समेत उल्लेख गरी जारी गरेको मृत्यु प्रमाणित पत्र तथा सदस्य संस्थाले प्रवाह गरेको कर्जाबाट खरिद भएको पशुधनको नै मृत्यु भएको भनी सदस्य संस्थाको प्रतिनिधिले तयार गरेको स्थलगत सरजिमिन मुचुल्का वा निरीक्षण प्रतिवेदन।

(४) सदस्य संस्थाले कोषसँग बाँकी व्याजको क्षतिपूर्ति माग गर्दा दाबी मिति वा कर्जाको अन्तिम भुक्तानी मितिमध्ये अघिल्लो मितिसम्मको मात्र माग गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम दाबी माग भएमा कोषले यस योजनाको व्यवस्था बमोजिम तीस दिनभित्रमा दाबी भुक्तानी दिनेछ ।

(६) कुनै कारणले कोषले दाबी अस्वीकृत गरेमा सदस्य संस्थाले पैंतीस दिनभित्र पुनरावलोकनका लागि कोषमा निवेदन दिन सक्नेछ।

(७) उपदफा (२) बमोजिमको क्षतिपूर्ति दावी भुक्तानी रकमलाई सम्बन्धित ऋणीको कर्जा खातामा समायोजन गरी सोही रकम बराबर कोषप्रतिको दायित्व सृजना हुने गरी लेखांकन गर्नु पर्नेछ।

(८) सदस्य संस्थाले उपदफा (७) बमोजिम ऋणीको खातामा समायोजन गरेको रकमको साँवा व्याज गणना तथा असूली कार्य जारी राख्नु पर्नेछ।

९. **कोषले क्षतिपूर्ति दावी भुक्तानी नदिने अवस्थाः** (१) देहायको अवस्थामा कोषले यस योजना बमोजिमको अतिरिक्त दावी भुक्तानी दिने छैनः

(क) सदस्य संस्थाले दफा ५ को उपदफा (१) बमोजिमको सुरक्षण शुल्क नबुझाएमा ।

(ख) दफा ८ को उपदाफा (१) मा उल्लिखित घटना कर्जाको अन्तिम भूक्तानी मिति पछि वा दफा ४ को उपदफा (१) बमोजिमको सम्झौता अगावै घटेको भएमा,

(ग) कर्जाको अन्तिम भुक्तानी मिति अगावै भुक्तानी दाबी भई कोषले पहिलो र दोस्रो किस्ता भुक्तानी दिइसकेको भएमा,

(घ) सदस्य संस्थाले पेश गरेको कागजातबाट दफा ८ को उपदफा (१) मा उल्लिखित घटना तथा दफा ७ को उपदफा (१) बमोजिमको ग्राहक पहिचान विवरणमा उल्लिखित व्यक्ति पुष्टी हुन नसकेमा,

(२) जीवन वा निर्जीवन बीमालेखलाई सदस्य संस्थाको हितमा दरपीठ गराई वा त्यस्तो बीमालेखमा अन्य कुनै किसिमले सदस्य संस्थाको सुरक्षण हित कायम हुने गरी प्रवाहित कर्जाको हकमा बीमा दाबी गरी असुल भएको साँवा-ब्याजको हदसम्म कोषले दाबी भुक्तानी दिने छैन ।

१०. **दाबी भुक्तानी फिर्ता गर्नु पर्नेः** (१) कोषबाट दाबी भुक्तानी भएको कर्जा असुलीको लागि सदस्य संस्थाले प्रचलित कानून बमोजिम कारबाही सुचारु गर्नु पर्नेछ।

(२) कोषबाट दाबी भुक्तानी भएको कर्जा आंशिक वा पूरा असुल उपर भएमा सर्वप्रथम दाबी भुक्तानी वापत प्राप्त भएको रकमको हदसम्म सदस्य संस्थाले कोषलाई फिर्ता गर्नु पर्नेछ।

(३) जीवन वा निर्जीवन बीमालेखमा सदस्य संस्थाको सुरक्षण हित कायम हुने गरी प्रवाहित कर्जाको हकमा बीमा क्षतिपूर्ती वापत प्राप्त रकम कोषले दाबी भुक्तानी गरेको हदसम्म कोषलाई फिर्ता गर्नु पर्नेछ ।

११. **कर्जा अपलेखनः** कोषबाट दाबी भुक्तानी भएको कर्जाको प्रचलित कानून बमोजिम कोषको स्वीकृति प्राप्त गरे पश्चात मात्र सदस्य संस्थाले कर्जा अपलेखन गर्न सक्नेछ।

१२. **कर्जाको विवरणको अभिलेख राख्नु पर्नेः** सदस्य संस्थाले कोषबाट दाबी भुक्तानी प्राप्त कर्जाको विवरण विद्युतीय प्रणालीमा सुरक्षित रुपमा अभिलेख राख्नु पर्नेछ।

१३. **प्रचलित कानून बमोजिम हुनेः** यस योजनामा उल्लेख भएका विषय यसै बमोजिम र यस योजनामा उल्लेख नभएका अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची (१)

(दफा ३ सँग सम्बन्धित)

सम्झौतापत्र

लिखितम् निक्षेप तथा कर्जा सुरक्षण कोष, ... (यसपछि "कोष" भनिएको) र .... लिमिटेड, ... (यसपछि "सदस्य संस्था" भनिएको) बीच कर्जा सुरक्षण नियमावली, २०७५(यसपछि "नियमावली" भनिएको) र लघु कर्जा अतिरिक्त सुरक्षण योजना, २०८२ (यसपछि "सुरक्षण योजना" भनिएको) तथा देहायको शर्तको अधीनमा रही सदस्य संस्थाले सुरक्षण योजनाको दफा ४ मा उल्लिखित क्षेत्रसँग सम्बन्धित कोषको कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत सदस्य संस्थालाई उपलब्ध सुरक्षण सुविधामा अतिरिक्त सुरक्षण सुविधा थप गर्न गराउन हामी दुवै पक्षको सहमति भएकोले सुरक्षण योजनाको व्यवस्था बमोजिम कोषको/सदस्य संस्थाको .... कार्यालय, ... मा बसी यो सम्झौता गरी एक एक प्रति लियौं/दियौं।

१. सदस्य संस्थाले सुरक्षण योजना बमोजिम प्रदान भएका सम्पूर्ण कर्जाको सुरक्षण वापत वार्षिक ०.१५ प्रतिशतका दरले त्रैमासिक रुपमा कोषमा सुरक्षण शुल्क बुझाउनु पर्नेछ।

२. सदस्य संस्थाले सुरक्षण योजना बमोजिमको कर्जा प्रदान गरी कोषमा सुरक्षण गराए वापत योजनाको दफा ८ बमोजिम दाबी भुक्तानी पाउनेछ र त्यस्तो दाबी सम्बन्धमा सुरक्षण योजना तथा कोषको दावी भुक्तानी सम्बन्धी प्रचलित कानून बमोजिम कोषले माग गरेका कागजात तथा अन्य विवरणहरु कोषलाई उपलब्ध गराउनु पर्नेछ।

३. कोषले सुरक्षण योजनाले तोकेको कर्जाको क्षेत्रमा प्रदान गरेको कर्जा बाहेक अन्य क्षेत्रमा प्रदान गरेको कर्जाको सुरक्षण गर्ने छैन।

४. सुरक्षण योजना बमोजिम प्रवाह गरेको कर्जा सम्बन्धी खाता र सोसँग सम्बन्धित कागजातहरु तथा परियोजनाको कोषको कर्मचारी वा कोषले तोकेको कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न सक्नेछ।

५. प्रचलित कानून बमोजिमको रीत नपुर्‍याई सदस्य संस्थाबाट प्रदान गरिएको कर्जा असुल उपर नभएमा कोष उपर कुनै दाबी लाग्ने छैन।

६. सदस्य संस्थाले असुल उपर नभएको कर्जा कोषमा दाबी गर्दा वा सो सम्बन्धमा पत्राचार गर्दा वा विवरण वा अन्य कागजात दाखिला गर्दा त्यस्ता दाबी, पत्राचार, विवरण तथा कागजातमा सदस्य संस्थाको तर्फबाट अख्तियारप्राप्त व्यक्तिले दस्तखत गर्नु पर्नेछ।

७. सुरक्षण योजनामा कुनै संशोधन भए कोषले सदस्य संस्थालाई सोको जानकारी गराउनु पर्नेछ।

८. यो सम्झौता मिति .... देखि लागू हुनेछ।

कोषको तर्फबाट	**................. को तर्फबाट**
दस्तखतः	दस्तखतः ....
नामः	नामः ....
दर्जाः	दर्जाः ....
कार्यालयको छापः	कार्यालयको छापः

साक्षी	**साक्षी**
दस्तखतः	दस्तखतः ....
नामः	नामः ....
दर्जाः	दर्जाः ....
ठेगानाः निक्षेप तथा कर्जा सुरक्षण कोष, ...।	ठेगानाः ....।

इति संवत् २०..... साल .... महिनाको .... गते रोज् .... शुभम्।

अनुसूची (२)

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

भुक्तानी दाबी पत्रको ढाँचा

पत्रसंख्याः मितिः ....

श्री निक्षेप तथा कर्जा सुरक्षण कोष,
काठमाडौं ।

विषयः सुरक्षण कर्जाको दाबी बारे ।

त्यस कोषको लघुकर्जा अतिरिक्त सुरक्षण योजना २०८२ बमोजिम सुरक्षण गरिएको सोही योजनाको अनुसूची-३ बमोजिमको संलग्न विवरण बमोजिमका कर्जाको परियोजना नष्ट भई वा ऋणी वा निजको एकासगोलको पति वा पत्नी वा ऋणी फर्म/कम्पनीको प्रोपाईटर वा मुख्य संचालक वा त्यस्ता व्यक्तिको एकासगोलको पति वा पत्नीको मृत्यु वा स्थायी अशक्तता भई साँवा-ब्याज असुल हुन नसकेको हुँदा कोषसँगको सम्झौता तथा सुरक्षण योजनाको दफा ८ बमोजिमको देहायका कागजात संलग्न गरी भुक्तानी पाउन यो दाबी निवेदन पेश गरेको छु ।

(१) यस पत्रसाथ संलग्न विवरणहरु मैले जाने बुझेसम्म सत्य छन् । दाबी गरिएका कर्जाहरुमा यस .... को कुनै पनि कर्मचारीको हेलचेक्राई वा बदनियत भएको छैन ।

(२) दाबी गरिएका कर्जाहरुको २०..... .... मसान्तसम्मको सुरक्षण शुल्क बुझाएको प्रमाणित गर्दछौं ।

(३) उपरोक्त कर्जाहरु कर्जा सुरक्षण नियमावली तथा कोषको सुरक्षण योजनाको अधीनमा रही सुरक्षण गरिएको हो ।

<u>संलग्न कागजातः</u>

(क) सुरक्षण योजनाको अनुसूची-३ बमोजिम दाबी कर्जाको विवरण,

(ख) निरीक्षण प्रतिवेदनको प्रतिलिपिहरु,

(ग) कर्जाको हिसाबको पूर्ण विवरण (लेजर) को प्रतिलिपि,

(घ) मृत्यु, स्थायी अशक्तता वा परियोजना नष्ट भएको पुष्टि हुने कागजात

<u>सदस्य संस्थाको तर्फबाट अख्तियार प्राप्त व्यक्तिकोः</u>

दस्तखतः

नामः

पदः

ठेगानाः

छापः

अनुसूची (३)

(दफा ८ (१) सँग सम्बन्धित)

सदस्य संस्थाको नामः-

शाखाः- (रकम रु.मा)

दाबी कर्जाको विवरण										कर्जा रकम			दाबीसँग सम्बन्धित घटनाको विवरण (परियोजना नष्ट वा मृत्यु वा स्थायी अशक्तता)	घटना पुष्टी हुने कागजातको विवरण	कैफियत
क्र.सं.	कर्जा नं.	किसिम	प्रयोजन	ऋणीको				लगानी मिति	अन्तिम भुक्तानी मिति	साँवा	ब्याज	जम्मा			
				नाम	ठेगाना	नागरिकता नं.	सम्पर्क नं.								
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६
							जम्मा								

नोटः

(१)सम्भव भएसम्म यस अनुसूची अनुसारको विवरण कम्प्युटर सफ्ट कपीमा पठाउनु पर्नेछ।

अनुसूची (४)

दफा ७ को उपदफा (१) को प्रयोजनका लागि सदस्य संस्थाले राखु पर्ने ऋणीको

ग्राहक पहिचान विवरण

(१) ऋणी प्राकृतिक व्यक्ति भए

(क) ऋणीको तीनपुस्ते विवरण

(ख) ऋणीको नागरिकता वा राष्ट्रिय परिचयपत्र नम्बर र जारी मिति

(ग) ऋणीको एकासगोलको पति वा पत्नीको तीनपुस्ते विवरण

(घ) ऋणीको एकासगोलको पति वा पत्नीको नागरिकता वा राष्ट्रिय परिचयपत्र नम्बर र जारी मिति

(ङ) ऋणीको स्थायी ठेगाना

(च) ऋणीको पत्राचार गर्ने ठेगाना (स्थायी ठेगाना भन्दा अलग भएमा मात्र)

(छ) फोन/मोबाइल नम्बर ....

(२) ऋणी फर्म वा कम्पनी भए

(क) फर्म वा कम्पनीको नाम, ठेगाना

(ख) दर्ता प्रमाणपत्र नम्बर, दर्ता मिति र दर्ता गर्ने निकाय

(ग) प्रोपराइटर वा मुख्य संचालकको तीनपुस्ते विवरण

(घ) प्रोपराइटर वा मुख्य संचालकको नागरिकता वा राष्ट्रिय परिचयपत्र नम्बर र जारी मिति

(ङ) प्रोपराइटर वा मुख्य संचालकको एकासगोलको पति वा पत्नीको तीनपुस्ते विवरण

(च) प्रोपराइटर वा मुख्य संचालकको एकासगोलको पति वा पत्नीको नागरिकता वा राष्ट्रिय परिचयपत्र नम्बर र जारी मिति

(छ) प्रोपराइटर वा मुख्य संचालक र निजको एकासगोलको पति वा पत्नीको स्थायी ठेगाना

(ज) प्रोपराइटर वा मुख्य संचालक र निजको एकासगोलको पति वा पत्नीको पत्राचार गर्ने ठेगाना (स्थायी ठेगाना भन्दा अलग भएमा मात्र)

(झ) फोन/मोबाइल नम्बर ....